नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा

☎ ०७५ { ५२०१२३, ५२०१२४, ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८२/०८३

## सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी सूचना!

धुम्रपान तथा सुर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानीकारक भएको र धुम्रपान तथा सूर्ती सेवनले मानव जीवनको आर्थिक सामाजिक र साँस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको विकी वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण,नियन्त्रण तथा नियमनका लागि जारी भएको **सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन,२०६८ र ऐ. नियमावली,२०६९** मा उल्लेख भएका देहाय बमोजिम लागायतका सम्पूर्ण कानुनी व्यवस्था पालना गर्नु गराउनुहुन सम्बन्धित सवै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

- ✓ सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने ।
- ✓ अन्य व्यक्तीलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनमा धुम्रपान गर्न नहुने ।
- ✓ अठार वर्ष नपुगेका व्यक्ती र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न, गर्न लगाउन वा निशुल्क उपलब्ध गराउन नपाउने ।
- ✓ शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र वृद्धाश्रम अनाथालय र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तिमा **एकसय मिटर भित्रको** घर,पसलबाट सूर्तीजन्य पदार्थको विक्री वितरण गर्न नपाउने ।
- ✓ चुरोट,बिंडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न गराउन नपाउने ।
- ✓ निशुल्क रुपमा सूर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।
- ✓ सूर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी विक्री स्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न नपाउने ।

उल्लेखित व्यवस्थाको विपरित कसैले धूम्रपान वा सूर्तीजन्य पदार्थको विक्री बितरण वा सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ती सेवन गरे गराएको सम्बन्धमा सम्बन्धित निकायहरुबाट नियमित अनुगमन हुने तथा उपरोक्त विषयहरु पालना नभएको पाईएमा कानुन वमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

०८३/२/११

मितिः २०८३।०२।११

निमित्त प्रमुख जिल्ला अधिकारी